# गरिवसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका (तेस्रो संशोधन), २०६६

**पृष्ठभूमि**

हाम्रो देशमा विकराल समस्याको रुपमा रहेको विद्यमान गरिबीलाई निवारण गरी विपन्न जनताको आर्थिक, सामाजिक स्तरलाई माथि उठाउनु नै राष्ट्रका सामु सबैभन्दा ठूलो चुनौती रहेकोछ । आठौं योजनाकालदेखि नै गरिबी निवारणलाई प्रमुख उद्देश्य राखी विविध क्षेत्रगत तथा लक्षित कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिएका छन् । सोही अनुरुप अति विपन्न परिवारहरुलाई लक्षित गरी गरिबसँग विश्वेश्वर कार्यक्रम २०५६ साल देखि मुलुकका सबै निर्वाचन क्षेत्रमा सञ्चालन हुदै आएको छ । गरिबी निवारणका लागि कार्यक्रमका माध्यमबाट गरिबहरुलाई आर्थिक, सामाजिक साधन एवं स्रोत र सुविधाहरुमा पहुँच बढाउनु आवश्यक रहेको छ । जसले गरिबहरुको आत्मविश्वास बढ्नुका साथै विकास प्रक्रियाको तर्जुमा, कार्यान्वयन र सञ्चालनमा सक्रिय सहभागिता हुन गई तिनीहरुलाई मूलप्रवाहमा संलग्न हुन सक्ने अवसर प्रदान गर्दछ । उक्त कुरालाई आत्मसात गर्दै गरिबसँग विश्वेश्वर कार्यक्रमले आर्थिक रुपले अति विपन्न परिवारहरुलाई विकास प्रक्रियामा संलग्न हुने अवसर श्रृजना गर्न खोजेको छ । यस कार्यक्रमलाई गरिवी निवारणका लागि लक्षित गरेर संचालित अन्य कार्यक्रमहरुसँग निकटतम् र समन्वयात्मक सम्बन्ध राख्दै दोहोरो नपर्ने गरी सञ्चालन गर्न नेपाल सरकार (मं.प) को मिति २०७४/०२/१९ निर्णयानुसार सहकारी तथा गरिबी निवारण मन्त्रालयको कार्यक्षेत्रमा रहने व्यवस्था गरेकाले विद्यमान संरचनामा रही यस कार्यक्रमको कार्यान्वयनकालागि नेपाल सरकारले यो निर्देशिका तयार गरी लागू गरेको छ ।***

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस निर्देशिकाको नामः "गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६६" रहेको छ।

(ख) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः**

(क) "ऐन" भन्नाले सहकारी ऐनलाई जनाउँछ ।***

(ख) "नियमावली" भन्नाले सहकारी नियमावलीलाई जनाउँछ ।***

**३. उद्देश्यः**

कार्यक्रम संचालित क्षेत्रका अति विपन्न परिवारलाई रोजगारी तथा आयमूलक क्रियाकलापहरुको माध्यमद्वारा सामाजिक, आर्थिक क्रियाकलापमा संलग्न गराउँदै गरिवीको रेखाबाट माथि उठाई स्वाबलम्वनतर्फ अग्रसर गराउनु यसको मूलभूत उद्देश्य रहेको छ । यसका अतिरिक्त अन्य विशिष्ट उद्देश्यहरु यस प्रकार छन्:

३.१ सामाजिक परिचालनका माध्यमबाट विपन्न परिवारलाई संगठित हुने अवसर श्रृजना गर्ने ।

३.२ स्थानीय स्तरमा मानव संशाधनको विकास गरी सामाजिक पूँजीको विकास गर्ने ।

३.३ आन्तरिक बचत संकलन र परिचालन गर्ने ।

३.४ शिक्षा, स्वास्थ्य, पिउने पानी, तालिम, कृषि प्रसार, प्रविधि बजार व्यवस्थापन र बजार प्रणाली आदिसँग गरिबको पहुँच बढाउने ।

३.५ आय अभिबृद्धिको क्रियाकलापका लागि संस्थागत कर्जासँग गरिबको पहुँच बढाउने ।

३.६ परम्परागत सीपको अभिबृद्धि गर्दै लघु उद्यमबाट स्वरोजगार श्रृजना गर्ने ।

*** तेस्रो संशोधनद्वारा संशोधन गरिएको ।

३.७ निर्णय प्रक्रियामा विपन्न व्यक्तिलाई प्रत्यक्ष संलग्न हुन अवसर सृजना गरी उनीहरुको आत्मविश्वास बढाउँदै सशक्तिकरण गरिनुका साथै स्वावलम्बी हुन अग्रसर गराउने ।

३.८ समुदायमा आधारित संस्थालाई विधिवत् कानूनी मान्यता दिई संस्थागत विकासलाई अगाडि बढाउने।

३.९ नेपाल सरकारले पहिचान गरेको गरिव घरपरिवारलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्ने ।

३.१० युवा स्वरोजगार तथा गरिबी निवारण कोषसँग दोहोरो नपर्ने गरी निकटतम र समन्वयात्मक सम्बन्ध स्थापित गरी कार्यक्रम संचालन गर्ने ।

## ४. कार्यक्रम कार्यान्वयन गर्दा देहायका कार्यनीतिहरुको अवलम्वन गरिनेछः

४.१ जिल्ला समन्वयकर्ताको नेतृत्वमा कार्यक्रम संचालन गरिने छ । यसरी संचालित कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण स्थानीय तह (गा.पा/न.पा/उपम.न.पा/महान.प) बाट गरिने छ ।***

४.२ निर्धारित सूचकहरुको माध्यमबाट अति विपन्न परिवारको पहिचान गरिनेछ ।

४.३ विपन्न परिवारका सदस्यहरुलाई स्वेच्छिक रुपमा समूह तथा सामुदायिक संस्थामा संगठित हुन उत्प्रेरित गरिनेछ ।

४.४ समूह/संस्थामा संलग्न व्यक्तिहरुलाई आधारभूत तालिममा संलग्न गराइनेछ ।

४.५ स्वेच्छिक रुपमा सामूहिक बचत संकलन र परिचालन गर्न सक्रिय गराइनेछ ।

४.६ समूह/संस्थामा संलगन व्यक्तिहरुलाई सामाजिक (शिक्षा, स्वास्थ्य, खानेपानी पोषण, वातावरण, कृषि, प्रसार, प्रविधि, सिंचाई आदि) क्रियाकलापमा संलग्न हुने अवसर श्रृजना गरी पहुँच बढाइनेछ ।

४.७ समूह सदस्यलाई परिचयपत्र (कार्ड) का माध्यमद्वारा प्रतिष्ठानको परिचय गराई सेवालाई सुव्यवस्थित गराइनेछ ।

४.८ आय अभिवृद्धिका क्रियाकलाप तथा लघु उद्यमका लागि संस्थाको माध्यमबाट समूह जमानीमा लघुकर्जा सजिलैसँग उपलब्ध गराइनेछ ।

४.९ सीप अभिवृद्धि तथा विकासका लागि सीप विकास तालिमहरुसँग पहुँच बढाइनेछ ।

४.१० कर्जा प्राप्ति पश्चात् व्यवसायलाई कुशलतापूर्वक सञ्चालन गराउन व्यवसाय व्यवस्थापन तालिममा सरिक हुने अवसर श्रृजना गरिनेछ ।

४.११ समूह/संस्थाका योजनाहरुलाई स्थानीय तहको सहभागितामूलक योजना प्रक्रियासँग आवद्ध गराइनेछ।

४.१२ समूह/संस्था आफैंले सहभागितामूलक अनुगमन गरी आफ्नो स्तर निर्धारण गर्नेछन् ।

४.१३ संस्थागत अनुगमन व्यवस्थालाई क्रियाशिल गराइनेछ ।

## ५. कार्यक्रम संचालन गर्दा देहाय अनुसार गरिनेछः

५.१ यो कार्यक्रमको संचालनका लागि सहकारी तथा गरिवी निवारण मन्त्रालयले केन्द्रमा समन्वय गर्नेछ । जिल्लामा जिल्ला समन्वय समन्वयकर्ताले केन्द्रसँग समन्वय गरी कार्यक्रम संचालन गर्ने छ ।**

५.१(क) जिल्ला समन्वय कर्ता मार्फत स्थानीय तहमा कार्यक्रम कार्यान्वयन, समन्वय एवं सामाजिक परिचालकहरुको परिचालन गर्न कार्यक्षेत्र, स्थानीय तह र मन्त्रालय विच यस कार्यक्रमको स्रोत परिचालनलाई प्रभावकारी पार्न मन्त्रालयले जिल्ला समन्वय समितिमा एक जना समन्वयकर्ता तोक्ने छ । समन्वयकर्ताको सेवा र शर्त मन्त्रालयले तोके वमोजिम हुने छ। **

---

** दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।

*** तेस्रो संशोधनद्वारा संशोधन गरिएको ।

५.२ यो कार्यक्रम संचालन गर्न कार्यक्रमको लागि विनियोजित रकम मध्येबाट स्थानीय तहलाई एकमुष्ट सशर्त अनुदान पठाइने छ । जिल्ला समन्वय कर्ताको समन्वयमा प्रचलित कानून बमोजिम स्थानीय तहले रकम बाँडफाँड गरी खर्च गर्ने तथा सो को प्रतिवेदन गर्नुपर्नेछ ।

५.३ केन्द्रमा यस कार्यक्रमको समन्वयका लागि सहकारी तथा गरिवी निवारण मन्त्रालयको तोकिएको शाखाले सम्पर्क इकाईको रुपमा काम गर्नेछ ।

५.४ यस कार्यका लागि मन्त्रालयलाई सहयोग गर्ने गरी गरिवसँग विश्वेश्वर कार्यक्रम समन्वय इकाईको व्यवस्था गरिनेछ । जसमा देहायका कर्मचारीहरु कार्यक्रम अवधिभरका लागि करारमा नियुक्त गरिनेछः–

(क) उप–सचिवस्तरको सुविधा प्राप्त गर्ने गरी कार्यक्रम संयोजक – १ जना

(ख) कार्यालय सहायक/कम्पयुटर अपरेटर (ना.सु. सरहको) – १ जना

(ग) कार्यालय सहयोगी (प्रथम स्तर) – १ जना

६. <u>कार्यक्रम संचालनमा संलग्न निकायहरुको भूमिकाः</u>

**(क) <u>सहकारी तथा गरिवी निवारण मन्त्रालय मन्त्रालय</u>**

(१) कार्यक्रमको कार्यान्वियनका सम्बन्धमा केन्द्रस्तरमा समन्वय तथा अन्य आवश्यक कार्यहरु गर्ने।

(२) कार्यक्रमको सम्पर्क इकाई तोक्ने । यसका लागि मन्त्रालयबाट कुनै एक शाखालाई सम्पर्क इकाईको रुपमा तोकिनेछ ।

(३) केन्द्रस्तरमा कार्यक्रम तर्जुमा एवं स्वीकृत गर्ने, प्रतिवेदन गर्ने, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र यस्तै प्रकृतिका कार्य गर्ने अन्य निकायहरूसँग समन्वय गर्ने समीक्षा जस्ता कार्यहरु गर्नेछ ।

**(ख) <u>गरिबसँग विश्वेश्वर कार्यक्रम समन्वय इकाई</u>**

(१) सहकारी तथा गरिवी मन्त्रालयमा रहि आवश्यक कार्यहरु गर्ने ।

(२) कार्यक्रमको नियमित अनुगमन तथा रेखदेख र सुपरिवेक्षण गरी मन्त्रालयलाई आवश्यक सहयोग गर्ने।

(३) कार्यक्रमको तर्जुमा, प्रतिवेदन तथा अन्य आवश्यक कार्यहरुका लागि सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई सहयोग गर्ने ।

(४) कार्यक्षेत्रस्तर र जिल्लास्तरका तालिम, गोष्ठी संचालनका लागि मन्त्रालयलाई सहयोग गर्ने ।

(५) जिल्ला समन्वयकर्ताको कार्य सम्पादन मूल्याङ्कन गरी बार्षिक प्रतिवेदन पेश गर्ने ।***

**(ग) <u>अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग</u>**

(१) कार्यक्रम तर्जुमा र कार्यान्वय सम्बन्धमा आवश्यक सल्लाह र सुझावहरु दिने ।

(२) कार्यक्रमका लागि आवश्यक श्रोतको प्रवन्ध मिलाउने ।

**(घ) <u>जिल्ला समन्वय समिति/समन्वयकर्ता/स्थानीय तह</u>** ***

(१) कार्यक्रमको समन्वय र अनुगमन गर्ने ।

(२) कार्यक्रम संचालनका क्रममा आवश्यक समन्वय गर्ने । सबै कार्यक्षेत्रको प्रगति प्रतिवेदन पेश गर्न लगाउने ।

---

*** तेस्रो संशोधनद्वारा संशोधन गरिएको ।

(३) तोकिएको मापदण्डका आधारमा अति विपन्न परिवारहरुको छनौट गर्न सहयोग गर्ने ।

(४) कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न स्वीकृत कार्यक्रमको अधिनमा रही कार्यक्रम लागू भएको क्षेत्रमा सभा, गोष्ठी, बैठक आदिको आयोजना गर्ने ।

(५) जि.स.स./स्थानीय तहमा कार्यक्रम र बजेट स्वीकृतीका लागि पेश गर्ने ।***

(६) कार्यान्वयन क्षेत्रमा गै कार्यक्रम कुन रुपमा कसरी संचालन भैरहेको छ, त्यसको अनुगमन गर्ने र स्थानीय तहसँग समन्वय राखी कार्यक्रमको समीक्षात्मक बैठक आयोजना गर्ने।

(७) नियमित रुपमा कार्यक्रम निरीक्षण, अनुगमन गरी सो को प्रतिवेदन सम्बन्धित निकाय तथा केन्द्रीयस्तरमा पठाउने ।

(८) समूह/ संस्थाहरुसँग प्रत्यक्ष सम्बन्ध राखी तिनीहरुबाट संचालित सामाजिक/ आर्थिक/ रोजगारीमूलक क्रियाकलापहरु बढाउन सहयोग पुर्याउने ।

(९) कार्यक्रमलाई उद्देश्य अनुरुप प्रभावकारी बनाउन प्रयासरत रहने ।

(१०) गरिवी निवारण कार्यक्रमलाई दोहोरो नपर्ने गरी संचालन गर्ने व्यवस्था गर्ने ।

(११) वीउ पूँजी चालु कोषको प्रभावकारी व्यवस्थापन गर्ने ।

(१२) कार्यरत कर्मचारीहरुको परिचालन तथा आवश्यक व्यवस्थापन गर्ने । सामाजिक परिचालकहरुलाई कार्यस्थलमा खटाउने ।

७. **यस कार्यक्रमको कार्यान्वयन क्षेत्र देहाय अनुसार हुनेछः**

हाल यो कार्यक्रम साविकमा कार्यक्षेत्र छनौट भै कार्यक्रम लागु भएका स्थानीय तहमा सञ्चालन गरिनेछ ।

८. **यस कार्यक्रम संचालन गर्दा अति विपन्न परिवार छनोटका आधार यस प्रकार हुनेछः**

अति विपन्न परिवारको छनौट गर्दा निर्देशिकामा उल्लेख भएका निश्चित मापदण्डको आधारमा सम्बन्धित स्थानीय तहको संयोजनमा सम्बन्धित गाउँपालिका, जिल्ला समन्वयकर्ता र स्थानीय प्रतिनिधिहरु समेत राखी निष्पक्ष ढंगले छनौट गरी सम्बन्धित गा.पा./न.पा./उपमहानगरपालिकाको कार्यालयमा प्रस्ततु गरिनेछ । सम्बन्धित स्थानीय तहले निर्णय गरेको विपन्न परिवारहरू यस कार्यालयमका लक्षित वर्ग हुने छन् । अति विपन्न परिवार छनौट प्रक्रियामा सामाजिक परिचालकले पूर्ण सहयोग गर्नु पर्नेछ । अति विपन्न परिवार छनौटका आधारहरु देहाय अनुसार हुनेछः

८.१ **सम्पतिको स्वामित्व**

(क) सम्पत्तिविहिनः

(अ) आफ्नो घर जग्गा नभएको

(आ) अधिया कमाएर खाने ।

(इ) अरुको जग्गामा घर/छाप्रो बनाएर बसेको ।

(ई) हली/कमैया जस्ता अरुमा आश्रित भै बसेका ।

(ख) खेतीयोग्य जग्गा

(अ) पहाडमा सिंचित २ रोपनी भन्दा घटी तथा असिंचित ५ रोपनी भन्दा घटी पाखो÷बारी भएको ।

(आ) तराईमा सिंचित ५ कठ्ठाभन्दा घटी असिंचित ८ कठ्ठाभन्दा घटी भएको ।

---

*** तेस्रो संशोधनद्वारा संशोधन गरिएको ।

(ग) घरको किसिम

(अ) घर नै नभएको ।

(आ) घरले ओगटेका क्षेत्रफल न्यून भएको सानो झोपडीमात्र भएको ।

(इ) माटो स्याउला नरकट, बाँस आदिको घरको भित्ता भएको ।

(ई) माटोको गारो वा कच्ची इटाको प्रयोग गरी बनाएको घर ।

(उ) स्लेट पाइने स्थानमा पनि खर, फूसको छाना भएको ।

(घ) आयस्तरः

प्रति घर परिवारको मासिक २१०० भन्दा कम आम्दानी भएको ।

८.२ खाद्यान्न सुरक्षा र पोषण स्थिति

(क) मुस्किलले २ छाक टार्ने गरेको ।

(ख) आफ्नो जग्गा जमीनको आयस्तरबाट ३ महिना भन्दा बढी खान नपुग्ने ।

(ग) महिला/बच्चाहरु कुपोषित भएको, बच्चाहरुको उमेर अनुसार उचाई र तौल नपुगेको ।

८.३ रोजगार स्थिति

(क) मजदुरी/ज्यालामा काम गर्ने अदक्ष श्रमिकमात्र भएको ।

(ख) अर्काको खेति/बारीमा काम गर्ने र अधिया/कमैयाको रुपमा काम गर्ने गरेको ।

(ग) परिवारको कुनै सदस्य स्थायी रुपमा रोजगारमा नभएको ।

८.४ सामाजिक स्थिति

(क) अशक्त, अपाङ् (अन्धो, लंगडो, दुवै हात खुट्टा नचल्ने, हात नभएको, कुँजो आदि)

(ख) निरक्षर परिवार र केटाकेटी विद्यालय नजाने गरेको ।

(ग) आधारभूत स्वास्थ्य सेवाको सुविधाबाटा टाढा भएको ।

(घ) केटोकटीको संख्या बढी भएको ।

(ङ) चर्पि नभएको ।

८.५ नेपाल सरकारले पहिचान गरेका गरिव घरपरिवार परिचय पत्र प्राप्त गरेको । ***

९. यस कार्यक्रम अन्तर्गत लक्षित परिवार छनौट गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछः

लक्षित परिवारलाई निम्न प्रक्रियामध्ये कुने एक तरिका अवलम्बन गरी स्थानीय तह (गा.पा./न.पा. उपमहानगरपालिका) को सिफारिसमा छनौट गर्नु पर्ने छ ।

(क) संक्षिप्त घरधुरी सर्वेक्षणबाट सबै परिवारको आधारभूत तथ्याङ्क लिने ।

(ख) सहभागितामूलक सम्पत्ति स्तरीकरण (Participatory Wealth Ranking) गर्ने ।

१०. यस कार्यक्रमका लागि सामाजिक परिचालकको व्यवस्था र भूमिका देहाय बमोजिम हुनेछः

१०.१ यस कार्यक्रमका लागि कार्यक्रम संचालित स्थानीय तहको निर्दिष्ट योग्यता पुगेको स्थायी वासिन्दा महिलालाई सामाजिक परिचालकमा नियुक्त गरी काममा लगाइने छ ।*

१०.२ सामाजिक परिचालकको सेवा सुविधा साविकमा व्यवस्था भए बमोजिम हुने छ । ***

१०.३ सामजिक परिचालक नयाँ नियुक्ति गर्दा वा रिक्त भई पदपुर्ति गर्नुपर्दा मन्त्रालयको सहमति लिई जिल्ला समन्वय कर्ता र सम्बन्धित स्थानीय तहको समन्वयमा नियुक्त गर्न सकिने छ।

---

* पहिलो संशोधनद्वारा संशोधन गरिएको ।

*** तेस्रो संशोधनद्वारा संशोधन गरिएको ।

१०.४ सामाजिक परिचालकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः
(क) जिल्ला समन्वय कर्ता र स्थानीय तह प्रति पुर्ण जवाफदेही हुनुपर्ने ।
(ख) तोकिएका मापदण्डका आधारमा विपन्न परिवारको छनौट गर्न सघाउने ।
(ग) विपन्न परिवारलाई समूहमा आउन उत्प्रेरित गर्ने ।
(घ) समूह/संस्थाका सदस्यहरुलाई आवश्यक तालिमको व्यवस्था गरी तालिम आयोजना गर्ने ।
(ङ) समूह/संस्थाका सदस्यहरुको बचत संकलन, परिचालनमा उत्प्रेरित गर्ने, खाता, पासबुक लेखा व्यवस्थित गर्न सघाउने ।
(च) समूह/संस्थाका प्रतिभाशाली व्यक्तिहरुलाई तिनिहरुको प्रतिभा अनुसार सीपविकास प्रवद्र्धनतर्फ क्रियाशिल गराउने ।
(छ) समूहलाई आय अभिवृद्धिको क्रियाकलापमा संलग्न गराउने ।
(ज) समूह/संस्थाका सदस्यहरुको आवश्यकता अनुसार कर्जाको सिफारिस गर्ने ।
(झ) कर्जाको सदुपयोगितातर्फ समूहलाई सजग गराउने र कर्जाको नियमित अनुशरण अनुगमन गर्ने।
(ञ) समूह/संस्थाको वार्षिक योजना तर्जुमा गरी तदनुसार कार्यक्रम गर्न प्रयत्नशील रहने ।
(ट) समूह/संस्थाको योजनालाई स्थानीय तहको योजनासँग समन्वय राखी स्थानीय तहको योजनामा समावेश गर्ने, गराउने ।
(ठ) सामुदायिक क्रियाकलाप र पूर्वधार निर्माणमा समूह/संस्थाका सदस्यलाई संलग्न गराउने र विषयगत निकायहरुसँग समन्वय राखी समूह/संस्थामा कार्यक्रम संचालन गर्ने गराउने ।
(ड) समूह/संस्थाको नियमित बैठकमा भाग लिने र सहयोग पुर्‍याउने ।
(ढ) सामाजिक कुरीति हटाउन र सामाजिक जागरण ल्याउन सदैव प्रयत्नशील रहने ।
(ण) उत्कृष्ट समूह र सदस्यको पहिचान मापदण्डका आधारमा गरी पुरस्कारका लागि सिफारिस गर्ने ।
(त) सामाजिक परिचालकहरु समूह क्रियाकलापका अतिरिक्त अन्य समय गा.पा./न.पा./उप.न.पा को कार्यालयमा दैनिक हाजिरी भै काम गर्ने ।

१०.५ सामाजिक परिचालकको तलब भत्ता तथा अन्य सुविधा यस प्रकार हुनेछः
सामाजिक परिचालकले साविकमा व्यवस्था भए बमोजिम मासिक पारिश्रमिक पाउने छन् ।*** तर दुर्गम भत्ता पाउने छैनन् । जिल्लामा समन्वयकर्ताको सिफारिसमा कार्यक्षेत्रबाट सामाजिक परिचालकहरु काम विशेषले जिल्ला सदरमुकाम आउँदा जाँदा दैनिक तथा भ्रमण भत्ता पाउने छन्।

**११. <u>यस कार्यक्रममा रहेको साविकको अक्षय कोषको सम्बन्धमा देहाय अनुसार गरिनेछः</u>**

यो कार्यक्रम विगतमा संचालन हुँदा परिचालन गरिएको अक्षय कोषको रकम तथा विउँ पूँजी (समूहमा लगानी गरेको ऋण समेत) रकमलाई यसै निर्देशिका अनुसार जिल्ला समन्वय समिति र समन्वयकर्ताको समन्वयमा कार्यक्रम तर्जुमा गरी परिचालन गर्नेछ ।

*** तेस्रो संशोधनद्वारा संशोधन गरिएको ।

१२. <u>बाधा अड्काउ फुकाउनेः</u>

यस निर्देशिकाको सम्वन्धमा कुनै अस्पष्टता आएमा सहकारी तथा गरिवी निवारण मन्त्रालयले सो सम्बन्धमा आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउने छ ।

१३. <u>खारेजी र बचाउः</u>

यस अघि जारी भएका गरिबसँग विश्वेश्वर कार्यक्रमसँग सम्बन्धित निर्देशिका तथा परिपत्रहरु खारेज गरिएका छन् । सो अनुसार यस अघि भए गरेको काम यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।